पत्र संख्याः एजिएम १ ५०/७२ (           )

**२०७२/११/२६**

**श्री सदस्य महानुभावहरु,**
**नेउवामहासंघ ।**

**बिषयः <u>नेपाल उद्योग वाणिज्य महासंघको ५० औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस – २०७२ को सूचना ।</u>**

महोदय,

यस महासंघको विधान (पाँचौं संशोधन) को दफा २५.३ अनुसार महासंघको **<u>५०औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस –२०७२ यही २०७२ साल चैत्र २८ र २९ गते (April 10 &11, 2016) त्रिभुवन आर्मि अफिसर्स क्लव, भद्रकाली काठमाडौंमा</u>** हुने भएको सहर्ष जानकारी गराउन चाहान्छु ।

यस अनुसार महासंघको ५० औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस –२०७२ सम्वन्धी भएका व्यवस्था एवं संक्षिप्त कार्यक्रम यसै साथ पठाएको छु । ५० औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस –२०७२ मा भाग लिन आवश्यक व्यवस्थाको लागि अनुरोध गर्दछु ।

**१.<u>समुद्घाटन कार्यक्रमः</u>**

१.१ अध्यक्ष श्री पशुपति मुरारकाबाट स्वागत भाषण

१.२ प्रमुख अतिथिबाट ५०औं वार्षिक साधारण सभा, उद्योग वाणिज्य दिवस –२०७२ को समुद्घाटन एवं सम्बोधन ।

१.३ महासंघका सदस्य संघ/संस्था जिल्ला नगर उद्योग वाणिज्य संघ, वस्तुगत संघ एवं द्विराष्ट्रिय उद्योग वाणिज्य संघलाई कदर सम्मान प्रदान ।

१.४ वरिष्ठ उपाध्यक्ष श्री भवानी राणाबाट धन्यवाद ज्ञापन ।

**<u>२.वन्द सत्रः</u>**

२.१ अध्यक्षको सम्बोधन तथा सो माथि छलफल तथा अनुमोदन ।

२.२ महानिर्देशकद्वारा प्रस्तुत "वार्षिक प्रतिवेदन २०७२" माथि छलफल तथा अनुमोदन ।

२.३ आ.व. २०७१/७२ को लेखा परीक्षकको प्रतिवेदन सहितको वासलात र आय व्यय विवरण माथि छलफल तथा अनुमोदन ।

२.४ लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने ।

२.५ कार्यकारिणी समितिद्वारा प्रस्तुत प्रस्तावहरु उपर छलफल ।

३. **<u>सभामा प्रतिनिधित्व एवं प्रतिनिधि शुल्कः</u>**

३.१. जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघ, वस्तुगत संघ र द्विराष्ट्रिय उद्योग वाणिज्य संघ सम्बन्धमा अध्यक्ष स्वयं मुख्य प्रतिनिधि रहनु पर्नेछ । अध्यक्ष सभामा उपस्थित हुन नसक्ने भएमा महासंघको विधानको दफा २९(३) अनुसार सम्बन्धित संघको कार्यकारिणी समितिले आफू मध्येबाट छानेको व्यक्तिले मुख्य प्रतिनिधिको रुपमा प्रतिनिधिमण्डलको नेतृत्व गर्ने व्यवस्था भए अनुसार सो सम्बन्धी गरेको निर्णयको प्रमाणित प्रतिलिपि प्रतिनिधिपत्र दर्ताको समयमा पेश गर्नु पर्नेछ ।

क्रमशः.....२

३.२ एशोसिएट सदस्यको हकमा संचालक समितिको अध्यक्ष, उपाध्यक्ष, सदस्यका साथै कार्यकारी प्रमुख, महाप्रबन्धक वा नायव महाप्रबन्धक तहसम्मको जिम्मेवार व्यक्तिलाई मुख्य प्रतिनिधिको रुपमा मनोनयन गरी पठाउनु पर्नेछ ।

३.३ ५० औं वार्षिक साधारण सभामा भाग लिने प्रतिनिधिमण्डलको लागि भर्नु पर्ने प्रतिनिधि पत्र यसै साथ संलग्न छ । उक्त प्रतिनिधि पत्र वार्षिक साधारण सभा हुनु भन्दा **१ दिन अगाडी अर्थात यही २०७२ चैत्र २७ गते**भित्र महासंघको सचिवालय टेकूमा पठाइ सक्नु पर्ने छ ।

३.४.महासंघका सदस्य संघ संस्थाहरु जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघहरुबाट मुख्य प्रतिनिधि र अतिरिक्त प्रतिनिधि सहित ३ जनासम्म र वस्तुगत संघहरुबाट मुख्य प्रतिनिधि र अतिरिक्त प्रतिनिधि सहित २ जनासम्मको प्रतिनिधिमण्डल पठाउन सक्ने छन् । द्विराष्ट्रिय उद्योग वाणिज्य संघ र एशोसिएट सदस्यको हकमा १/१ जनाको प्रतिनिधिको व्यवस्था गरिएको छ ।

**३.५.** वार्षिक साधारण सभामा भाग लिने प्रतिनिधीहरुको लागि प्रति व्यक्ति रु ४,०००।(चार हजार) प्रतिनिधि शुल्क लाग्ने छ । **तर एकै व्यक्तिले एक भन्दा वढि संघ/संस्था, को प्रतिनिधित्व गर्दै रजिष्ट्रेशन गरेमा दोस्रो रजिष्ट्रेशन वापत प्रतिनिधी शुल्क रु १,५००।(एक हजार पांच सय) मात्र लाग्ने छ । तर दोस्रो रजिष्ट्रेशन गरे वापत खानाको कुपन उपलव्ध गराइने छैन ।**

४. <u>वार्षिक सदस्यता शुल्क सम्बन्धमा</u>

४.१ सदस्य सघं/प्रतिष्ठानहरुले ५० औं वार्षिक साधारण सभामा भाग लिनको लागि आ.व. २०७२/७३ सम्मको वार्षिक सदस्यता शुल्क बुझाउनु पर्नेछ । उक्त वार्षिक सदस्यता शुल्कका साथै प्रतिनिधि पत्र, प्रतिनिधि शुल्क सवै सदस्य संघ/प्रतिष्ठानहरुले यही **२०७२ साल चैत्र २७ गतेसम्म** महासंघको सचिवालयमा बुझाउन व्यवस्थाको लागि अनुरोध गर्दछु ।

५. **प्रस्तावः**

५० औं वार्षिक साधारण सभामा पेश गर्ने प्रस्तावहरु महासंघको सचिवालयमा **२०७२ साल चैत्र १५ गते** भित्र आई पुग्ने गरी पठाउनु हुन अनुरोध छ ।

**संलग्नः**

१. महानिर्देशकबाट प्रस्तुत हुने वार्षिक प्रतिवेदन
२. आ.व. २०७१/७२ को वासलात र लेखापरीक्षकको प्रतिवेदन
३. प्रतिनिधि पत्र थान १ (एक) ।

भवदीय,

( धरणीधर खतिवडा )
महानिर्देशक

**बोधार्थः**

श्री अध्यक्षज्यू, नेउवामहासंघ ।
श्री निवर्तमान अध्यक्षज्यू, नेउवामहासंघ ।
श्री वरिष्ठ उपाध्यक्षज्यू एवं उपाध्यक्षज्यूहरु, नेउवामहासंघ ।
श्री कार्यकारिणी समितिका सदस्यज्यूहरु, नेउवामहासंघ ।

# प्रतिनिधि – पत्र

मितिः

श्री महानिर्देशक,
नेपाल उद्योग वाणिज्य महासंघ,
टेकू, पोष्ट बक्स नं. २६९, काठमाडौं ।

महाशय,

नेपाल उद्योग वाणिज्य महासंघको सदस्यको हैसियतले २०७२ साल चैत्र २८ र २९ गते काठमाडौंमा आयोजना हुने महासंघको ५० औं वार्षिक साधारण सभामा यस संघ/संस्थाको तर्फबाट प्रतिनिधित्व गरी भाग लिन निम्न लिखित प्रतिनिधि मनोनयन गरी पठाएको छु । प्रतिनिधि शुल्क बापत प्रति व्यक्ति रु. ४,०००। का दरले जम्मा रु.................... को चेक/ड्राफ्ट/नगद पनि यसै साथ संलग्न छ । **तर एकै व्यक्तिले एक भन्दा वढि संघ/संस्था, को प्रतिनिधित्व गर्दै रजिष्ट्रेशन गरेमा दोस्रो रजिष्ट्रेशन वापत प्रतिनिधी शुल्क रु १५००।(एक हजार पांच सय) मात्र लाग्ने छ । तर दोस्रो रजिष्ट्रेशन गरे वापत खानाको कुपन उपलव्ध गराइने छैन ।**

**संघ/संस्थाको नाम** :......................................................

| **मुख्य प्रतिनिधि** | **प्रतिनिधि** |
|---|---|
| (क) नाम : | (क) नाम : |
| (ख) दर्जा : | (ख) दर्जा : |
| (ग) दस्तखत नमुना .................. | (ग) दस्तखत ................ |

भवदीय,

संस्थाको छाप

मनोनयन गर्ने संघ/संस्थाको
तर्फबाट पदाधिकारीको दस्तखत : ................
दस्तखत गर्नेको पुरा नाम :
पद :
मिति :

**द्रष्टव्य**

१. जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघ, वस्तुगत संघ र द्विराष्ट्रिय संघको हकमा अध्यक्ष स्वयं मुख्य प्रतिनिधि रहनु पर्नेछ। कुनै कारणले अध्यक्ष सभामा उपस्थित हुन नसक्ने भएमा महासंघको विधानको दफा २९.३ अनुसार सम्बन्धित सदस्य संघको कार्य समितिबाट मुख्य प्रतिनिधि मनोनयन गरेको निर्णयको प्रमाणित प्रतिलिपि संलग्न हुनु पर्नेछ । प्रतिनिधि मण्डलमा जिल्ला/नगरस्तरिय उद्योग वाणिज्यहरुबाट मुख्य प्रतिनिधि सहित ३(तीन) जना, बस्तुगत संघहरुबाट मुख्य प्रतिनिधि सहित २(दुई)जना हुने व्यवस्था रहेको छ ।

२. द्विराष्ट्रिय उद्योग वाणिज्य संघहरु र एशोसिएट सदस्यको हकमा प्रतिनिधि मण्डलको संख्या १/१(एक/एक) जना मात्र हुने छ । एशोसिएट सदस्यले विधान अनुसार अधिकार प्राप्त व्यक्ति आफैं वा सोही संस्थाको घटिमा नायव महाप्रबन्धक तहको जिम्मेवार व्यक्तिलाई मुख्य प्रतिनिधि नियुक्त गरी संस्थाको तर्फबाट अधिकार प्राप्त व्यक्तिले दस्तखत गरी पठाउनु पर्नेछ ।

३. सदस्य संघ/प्रतिष्ठानहरुले आ.व. २०७२/७३ सम्मको वार्षिक सदस्यता शुल्क तिर्न बांकी रहेछ भने सो समेत बुझाउनु पर्नेछ र प्रतिनिधि शुल्क सहित प्रतिनिधि पत्र **२०७२ चैत्र २७ गते** भित्र दर्ता गराई सक्नु पर्नेछ । यसै समय भित्र प्रतिनिधि पत्र र निर्णयको प्रतिलिपि फ्याक्सबाट पठाउन सकिने छ, तर यी सबै कागजातको सक्कल प्रतिहरु सभा शुरु हुनु अगावै अर्थात २०७२ चैत्र २७ गते सांझ ५:३० बजे भित्र महासंघको सचिवालयमा बुझाई सक्नु पर्नेछ ।